घुमारीघाटको विशेषता उपर साक्षी वकपत्र

डा. कुलराज चालिसे

तनहु, राम्जाकोटको उम्सेदेउरालीबाट देखिने घमारीघाटको दृष्य फोटो सौजन्यः अनिता शाक्य, बुटवल

पुराणहरु कलियुगको निमित्त हिमालय र समुन्द्रको सम्वन्ध बनाई राख्ने पवित्र नदी किनारमा स्नान, दान र भगवद्नाम संकिर्तनलाई धर्मको उपयुक्त मार्ग बताउछन् । तपः, ध्यान, यज्ञ, तथा ज्ञानको मार्ग उपर प्रश्न उठाएका छैनन् तर कालको प्रभावमा द्रव्य, पद्धत्ति, मन्त्रज्ञानादि दोषको जोखिमबाट सतर्क गराएका छन् । ब्रह्मा स्वयंले पनि आफ्ना सृष्टि रचना मध्यमा सातौ परा प्रकृति धर्मद्रवा त्रिपथगामिनी गङ्गा उपर अत्यन्त गर्व गर्नुहुन्छ (पद्मपुराण, सृष्टिखण्ड, ६०:११०-१२३) । हिमालय र सागरका संयोजक विष्णुपदीहरु मध्य पनि स्वायंभू श्रीविग्रह अर्चावतार श्रीशालिग्रामलाई गर्भमा राख्न सक्ने क्षमतावान श्रीकृष्णागण्डकीको महिमा अपरम्पार छ (पद्मपुराण, उत्तरखण्ड, अध्याय २४, १२२ र १२६) । त्यस्ती पवित्र गण्डकीले दक्षिणावर्ती परिक्रमा गर्नुभएको कुम्भाकार भू-खण्ड, श्रीशालिग्रामैशालिग्रामले बनेको टप्पूमा अवस्थित श्रीकामधेनु गोपीठधाम, घुमारीघाटको पवित्रतालाई शब्दमा व्याख्या गर्न कठिन हुन्छ । शास्त्रीय भाषामा यो तीर्थ निरन्तर ताजा चरणामृतको प्रवाह हुने श्रीलक्ष्मीको पूर्णकलश हो । शङ्खप्रभ देवकुम्भस्थल हो ।

गण्डकी आरति फोटो सौजन्यः कल्पना अधिकारी, खैरहनी

विष्णुस्मृतिमा पाराशर ऋषि स्वयंले “कृते तु मानवो धर्मस्त्रेतायां गौतमो स्मृतः । द्वापरे शंखलिखिता कलौ पराशरः स्मृत ॥” भनि दिव्य उपदेश दिनु भएको छ । वाहाको वचनामृतको संग्रह विष्णुपुराण (६:२:१२)मा “कलिस्साध्विति यत्प्रोक्तं शूद्रः साध्विति योषितः । यदाह भगवान् साधु धन्याश्चेति पुनः पुनः ॥” भनेर कलियुग, शूद्र र स्त्रि वर्गलाई स्तोत्रनिष्ट महर्षिको सन्देह शान्त गर्ने क्रममा मुक्तकण्ठले प्रशंसा गर्नुभएको पनि छ । यस्का बावजुद पनि अघिल्ला स्मृतिका उपदेशहरु जोडजाम गरेर समाजमा वर्ण, वर्ग तथा लिङ्गको बिभेद कायम राख्ने प्रयास हाम्रै समाजको एकातीरबाट भएको छ भने प्रतिकृया स्वरुप धर्मानुशासनको अवज्ञा गर्ने प्रयास अर्कोतीरबाट भएको देखिएको छ । यसबाट सामाजिक सद्भावमा प्रतिकुल असर परेर देश द्वन्दको दिशामा निरन्तर अगाडी बढेको महशुस गरिएको पनि छ । समस्याको समाधानार्थ मध्यदिपिकामार्गको उपदेश पुराणहरुले दिएकाछन् । तर सन्त, महन्त तथा धर्म संरक्षक समाजमा समेत् कलियुगीन कालो बादलको प्रदुषण फैलिएकोले त्यस्ता उपदेश कार्यथलोमा प्रभावीत् हुन सकेका छैनन् । यसै समस्यालाई सम्बोधन गर्न ४८ कुरिया मध्य एक कुरिया मात्र ब्राह्मणको रहेको घुमारीघाटमा समावेसी अध्यात्म विकासको अभ्यास सुरु गरिएको छ । बोटे जातिको बाहुल्यता रहेको यस द्विपमा २०७१ को गण्डकी दशहराको पावन अवसरमा स्थानीय आमासमुहको सकृय अग्रसरतामा अनुष्ठानात्मक श्रीमद्देवीभागवत यज्ञ प्रारम्भ गरी यज्ञकुण्डको अग्नि अहिले तेश्रोवर्ष सम्मपनि निरन्तर सुरक्षित राखिएको छ । दुर्गमताको कारणले यसक्षेत्रमा तीर्थयात्रीको चाप

उल्लेख्य छैन । विकास, निर्माण तथा व्यापारको अवसर पनि न्यून छ । समाजमा वर्ण, वर्ग तथा लिङ्गको बिभेद कायम छ । विपन्नताको कारणले दान सस्कृतिलाई पनि प्रतिकुल असर पारेको छ । वल्लोपल्लो गाउमा निरन्तर टिकाटिप्पणी भएकै छ । तरपनि आमासमुहको निरन्तर अनुगमनमा आलोपालो पद्धत्तिले अग्निको संरक्षण गरिएको छ । यज्ञमा प्रज्वलित अग्निलाई साक्षि राखेर धर्मको प्रतिकुल एकैछिन् पनि अडिन सकिदैन भनिन्छ । यस मानेमा घुमारीघाटमा आमासमुहले प्रारम्भ गरेको धर्म परम्परालाई स्वयं अग्निदेवले नै समर्थन गर्नु भएको जस्तो देखिएको छ । कामधेनु गौमाता र श्रीकृष्णागण्डकी भगवतीको सानिध्यमा शालिग्रामशिलाले निर्माण भएको द्विपभित्र बसोबास गर्ने जनजाति पाराशरऋषिको समावेसी अध्यात्मिकमतको व्यवहारिक प्रदर्शन गर्न अवतार ग्रहण गरेका देवीदेवता जस्ता ठहरिएकाछन् । त्यस तीर्थमा स्थापना गर्न तयार गरिएको आमाको मूर्ति पूज्न भन्दा बुझ्न लायक छ । स्थानीय नश्लका गौमाताको व्यथा हृदय विदारक छ । समुन्द्रमन्थनको मूर्तिले विकास निर्माणमा संलग्न प्राविधिक तथा नीतिनिर्मातालाई उनिहरुको अपूर्ण सोच उपर निरन्तर व्यङ्ग कसेको छ । पुलत्स्याश्रम सतशृङ्गी गोवर्धनमालाका धर्मभिरुले वृन्दावनीय गोवर्धनलाई दिएको प्राथमिकतालाई प्रश्न गरिएको छ । वनारसी शिक्षाको सुगा रटाईमा गर्व गर्ने पण्डितलाई शास्त्रको गहिराईमा फर्केर मनन गर्न अनुरोध गरिएको छ । गुरुकुल छैन, विद्यापीठ छैन, वनझाँक्रीले कसैलाई लगेर पढाएको छैन, आधुनिक शिक्षाको अवसर पनि कम छ, एसएलसी गरेका कम छन्, बाह्रकटाएका कोही छैनन् । तरपनि घुमारीका जनताले परिपक्व सन्तको नमुना देखाएकाछन् । सायद् अष्टचिरञ्जिवी वेदव्यास अदृष्यरुपमा घुमारीमा नै बसेर वाहाको पुराणवचनको प्रदुषणात्मक व्याख्या गर्नेलाई घुमारीघाटका आमासमुह माध्यम बनाएर उन्नाईसौ पुराण लेख्दै हुनुहुन्छ होला ।

कामधेनु मन्दिरमा राख्ने गजुर बोक्दै अगुवा आमा फोटो सौजन्यः अनुप चालिसे, पोखरा

साझपख जस्को घरमा यज्ञमण्डपको साचो पुग्छ, भोलि पल्टको पूजा गर्ने र समिदा भर्ने जिम्मा उसैको हुन्छ । विहानै उठ्ने, गण्डकी नुहाएर चोखोपानी ल्याउने, यज्ञमण्डपको मझेरी बढार्ने, पोत्ने र कलशको पानी फेर्ने । अग्निकुण्डमा समिदा थप्ने, घरबाट ल्याएको तेलमा बत्ति बाल्ने, जौ, तिल र घ्यूले होमं गर्ने काम गरिन्छ । मन्त्रमा अन्तरनिहित भावार्थ बुझ्नु त कता हो कता पूजा गर्ने मन्त्र पनि हुदैन तिनीहरु संग । जे जान्दछन्, त्यही माग्दछन् र रक्षा गर प्रभु भन्दछन् । आफ्नो पालामा जुठो सुत्केरो परेमा छिमेकीलाई गुहार्छन्, तर पूजा टुटाउँदैनन् । समिदा सकिन लागेमा नजिकैको वनबाट सुकेको काठ, ढलेका चोतारी र नजिकै गाउलेले दान गरेको मुडा सबै जना मिलेर थुपार्छन् । एक पटक थुपारे धन्नै दुई महिना पुग्छ । अग्निकुण्डको आगोमा दुर्घटना नहोस् भनेर राति र दिउसो यज्ञमण्डपको ढोकामा ताला लगाउछन् । ग्रिलको ढोका भएकोले बाहिरबाट पनि अग्निको दर्शन गर्न मिल्छ ।

सामुहिक गाईपूजा फोटो सौजन्यः अनुप चालिसे, पोखरा

पाहुना आएमा घर लगेर ख्वाउन सुताउन पर्थ्यो । अव त जिल्ला शान्ति समितिको सहयोगमा दुईकोठे भवन् र पाईखाना बनेको छ । आमा समितिको भाडा कुडा पनि त्यतै लगेर राखिएको छ । ओडने ओछ्याउने जोडन सकिएको छैन । आवस्यक परेमा घरघरबाट बटुलेर काम चलाईन्छ । अन्नदान र मुठ्ठीदानको प्रचलन

बसेको छैन । गुठी पनि छैन । त्यसैले सक्ने मध्यका घरले पाहुनालाई रुख्खा सुख्खा जस्तो छ, त्यस्तैले स्वागत गर्छन् । धर्म सस्कृतिको स्थान विशेष अनुसार आ-आफ्नै लोक मान्यता हुन्छन् । सबैको मान्यताको सम्मान गर्नु घुमारीघाटको विशेषता हो । चुल्होचौका लिपेर स्वयंपाक्के पाहुनालाई सुम्पिन घुमारीघाटका आमाले हिच्किचाउदैनन् । छुवाछुतको मान्यता राख्नेलाई बाध्यता पार्दैनन् । अग्निमा पुग्दा सबैचिज शुद्ध हुन्छन् भने छोईछिटाको चिन्ता पनि लिनु पर्दैन ।

घुमारीघाटतीर्थको मूख्य उद्देश्य जलवायु अनुकुलन तथा नदी प्रस्रवण व्यवस्थापनमा वेदपुराणका उपदेश यथाथलोमा प्रदर्शन गर्नु हो । गण्डकीले समेत सम्मान गरेकी कामधेनु गौमाताको पूजन गरेर स्थानीय नश्लका गाईको यथाथलो संरक्षण गर्दै अध्यात्मिक पूजिबादको नमुना प्रदर्शन गरी दिगो विकास र दिगो शान्तिको नमुना बन्ने प्रयासमा कामधेनु गोपीठधाम घुमारीघाट व्यवस्थापन समिति दत्तचित्त भएर लागेको छ । स्थानीय जनताले समितिको उद्देश्य प्राप्तिमा एकमतले सहयोग गरेकाछन् । उनिहरुलाई तनहु तथा नवलपरासीका निकटवर्ति गाउहरुको समर्थन प्राप्त भएको छ ।

घुमारीघाटका आमासमुह शिक्षा दिन भन्दा लिन आतुर छन् । बाह्य संसार संग अलग्गिएको घुमारीघाटले सबैको राय संकलन गरेर नमुना तीर्थस्थल विकास गरी अध्यात्मिक पर्यटनको गन्तव्य यात्रा तय गरेको छ । हामीले पनि त्यस क्षेत्रको भ्रमण गरी आफुले देखेको राय सुझाव दिदा धर्म परिवर्तनको अनावस्यक बादविबादलाई टाढै पञ्छाएर नेपाली मौलिक सस्कृति र स्वाभिमान कायम राख्न सहयोग पुग्ने थियो । समाजलाई मनोवैज्ञानिक धर्मको संकिर्ण घेराबाट पर्यावरणीय धर्ममा प्रवेश गराई दिगो शान्तिको मार्गमा अगाडी बढ्न सकिने थियों ।

घुमारीआमाको मूर्ति मूर्तिकारः टेकबहादुर कुवर, दामाचौर